# लेखापरीक्षण प्रतिवेदन

## सिदिङ्वा गाउँपालिका, ताप्लेजुङ

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# सिदिङ्वा गाउँपालिका, ताप्लेजुङ

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| **स्वतन्त्रता** | *(Independence)* |
| **निष्ठा** | *(Integrity)* |
| **पारदर्शिता** | *(Transparency)* |
| **जवाफदेहिता** | *(Accountability)* |
| **व्यावसायिकता** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्र्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्र्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश**
**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/326

श्रीमान् अध्यक्षज्यू

सिदिङ्वा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,

साब्लाखु, ताप्लेजुङ ।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( श्रीकुमार राई )
नायब महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश**
**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/326

## विषयः लेखापरीक्षण प्रतिवेदन।

श्रीमान् अध्यक्षज्यू,

सिदिङ्वा गाउँपालिका गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

साब्लाखु, ताप्लेजुङ ।

### १. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रुपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

### २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्यय तर्फ रु.८८ करोड ७३ लाख २३ हजारको लेखापरीक्षणबाट रु.९९ लाख ८३ हजार बेरुजू देखिएकोमा प्रतिक्रिया प्राप्त नभई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रु.७ लाख ९७ हजार, नियमित गर्नुपर्ने रु.६२ लाख५० हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.२९ लाख ३६ हजार समेत जम्मा रु.९९ लाख ८३ हजार रहेको छ। गत वर्षसम्म रु.५ करोड६४ लाख२२ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.६ करोड६४ लाख५ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. **अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

### ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

### ५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी  वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

( श्रीकुमार राई )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ३१ | २० | ९९,८३,१५० | ० | ० | ० | ० | ३१ | २० | ९९,८३,१५० | ७,९६,५२४ | ६२,५०,६९२ | २९,३५,९३४ | ० | ० | ९१,८६,६२६ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| ताप्लेजुङ | ९,१६,५५,१९२ | ० | ३,५२,३३,१०१ | ५,६४,२२,०९१ | ० | ९९,८३,१५० | ६,६४,०५,२४१ |

### बेरुजु सम्परीक्षणको विवरण

| क.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ५८.२ | स्वास्थ्यतर्फ | ९,८५,०८८ |
| २ | २०८०/८१ | १०५.२ | सामाजिक सुरक्षातर्फ | १५,४६६ |
| ३ | २०८०/८१ | १०४ | संघीय समपुरक अनुदान फिर्ता | १९,२३,३३२ |
| ४ | २०८०/८१ | ५९ | शिक्षातर्फ | १,९८,७८७ |
| ५ | २०८०/८१ | ८६ | वडा कार्यालयको सामग्री टोल विकास संस्था मार्फत खरिद | ४,८९,९९७ |
| ६ | २०८०/८१ | ६९ | भ्रमणको अवधिको स्थानीय भत्ता | ६,३४२ |
| ७ | २०८०/८१ | ९८ | फाईल पेस नभएको | २८,२८,१७६ |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०८०/८१ | संपरीक्षणबाट थप भएको बेरूजू दफा नं.१ | प्राविधिक प्रतिवेदन | ५,३२४ |
| ९ | २०८०/८१ | ७१ | प्रमाण पेश नभएको | ११,९३,७९२ |
| १० | २०८०/८१ | ९५ | पेस्की जोखिममा | १,६०,००० |
| ११ | २०८०/८१ | ९७ | ठेक्का नं. SRM.TPJ.NCB.ROAD।२०८०।०८१।१ | ६,९८,९१५ |
| १२ | २०८०/८१ | ९२ | जस्तापाता खरिद (६२-२०८०/१२/०६) | २४,७७,००० |
| १३ | २०८०/८१ | ८० | छुर्पि प्रवर्धन कार्यक्रम- सम्झौताभन्दा बढी भुक्तानी | २२,८७७ |
| १४ | २०८०/८१ | ६१ | घरभाडा | २७,००० |
| १५ | २०८०/८१ | ६६ | घटी कर कट्टा | ९,१५० |
| १६ | २०८०/८१ | ८१ | कृषि शाखा व्यवस्थापन (२१५-२०८१/०३/२४) | २१,७५० |
| १७ | २०८०/८१ | ७३ | करार कर्मचारी महंगी भत्ता | ११,८८० |
| १८ | २०८०/८१ | ६५ | अतिरिक्त समय खाजा खर्च | १,०२० |
| १९ | २०७९/८० | ४० | शिक्षकको पारिश्रमिकः | ६७,८०४ |
| २० | २०७९/८० | ३८ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमः | ५५,००,००० |
| २१ | २०७९/८० | २९ | मूल्य अभिबृद्धि कर | ३४,४९२ |
| २२ | २०७९/८० | ६५ | महंगी भत्ता | १५,८४,००० |
| २३ | २०७९/८० | ६१ | बढी भुक्तानी | २९,४३७ |
| २४ | २०७९/८० | ३१ | प्रतिवेदन पेश | ४,८४,७७० |
| २५ | २०७९/८० | ७० | पेश्की जमानत | १८,००,००० |
| २६ | २०७९/८० | ६९ | कार्यसम्पादन जमानत | ३७,०३,००० |
| २७ | २०७९/८० | ५८ | असूली गर्न बाँकी आन्तरिक आय | ६५,२०० |
| २८ | २०७९/८० | ६४ | अनुगमन प्रतिवेदन | ६,००,००० |
| २९ | २०७८/७९ | ३९ | समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता | ८,१७,८१२ |
| ३० | २०७८/७९ | ४५ | दरबन्दि बाहेकका शिक्षक र बाल बिकास सहजकर्ताको तलब निकासा | १०,१५,२३२ |
| ३१ | २०७८/७९ | ४६ | छात्रवृत्ति | ५,४५,६०० |
| ३२ | २०७८/७९ | ५२ | गुणस्तर निरीक्षण परीक्षण | ९,९५,६५६ |
| ३३ | २०७८/७९ | ३४ | अनुगमन प्रतिवेदन | १,२०,००० |
| ३४ | २०७८/७९ | ४७ | अनुगमन तथा कार्यसम्पन्न प्रतिवेदन | ६७,००,००० |

| | | | | |
|---|---|---|---|---|
| ३५ | २०७७/७८ | ४६ | मर्मत सम्भार कोष : | ७४,५०६ |
| **जम्मा** | | | | **३,५२,१३,४०५** |

# सिदिङ्वा गाउँपालिका, ताप्लेजुङ

# ( ८०१०१५०७३०० )

# सिदिङ्वा गाउँपालिका , ताप्लेजुङ

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-**स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ७ वडारहेको छ भने क्षेत्रफल २०५.९९वर्ग किलोमिटर तथा २०७८ को जनगणना अनुसार १०,९८१ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२ ।४।३१ देखि २०८२ ।५।३ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ रु. ८८ करोड ७३ लाख २३ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. २१०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | राजस्व अशुली | २१७० |

२ **वित्तिय विवरण**

स्थानीय तह को लेखापरीक्षण को कम मा संकलन गर्नु पर्ने विवरण सम्बन्धी फारामहरु

स्थानीय तह को नाम : सिदिङ्वा गाउँपालिका
आर्थिक वर्ष: २०८१।०८२

आय व्यय विवरण
(यो विवरण पालिकाको लेटरप्याडमा तयार गरी लेखा प्रमुख र कार्यालय प्रमुखले प्रमाणित गरी पेश गर्नुपर्ने)
आ.व २०८१।८२
सिदिङ्वा गाउँपालिका

| स्थानीय तहको कोष तर्फ (परिषद्ले योजना बाँडफाँट गरी कार्यान्वयन गर्ने बजेट) | | | | | |
|---|---|---|---|---|---|
| आय | | | व्यय | | |
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| गत वर्षको मौज्दात | | | चालु खर्च (प्रशासनिक खर्च। | 72861813.32 | 72861813.32 |
| १. सञ्चित कोष | 32155544.39 | 32155544.39 | चालु खर्च (संघीय र प्रदेश सरकारका कार्यक्रम तर्फ स्रोत व्यहोर्नु पर्ने दायित्व खर्च। | 0 | 0 |
| २. धरौटी | 4871056.38 | 4871056.38 | पुँजीगत खर्च (प्रशासनिक) | 2269976 | 2269976 |

1

| | | | | | |
|---|---|---|---|---|---|
| ३. कार्यसञ्चालन कोष | 6415929.82 | ६४१५९२९.८२ | आयोजना तर्फ स्रोत व्यहोर्नु पर्ने। म्याचिङ फण्ड | 5550000 | 5550000 |
| ४. अन्य कोष | 250000 | 250000 | पुँजीगत खर्च (सार्वजनिक निर्माण। सडक, सिंचाइ, खानेपानी लगायत | 109090976.82 | 109090976.82 |
| यस वर्षको आय | 0 | 0 | कार्यक्रम खर्च | 7500000 | 7500000 |
| १. आन्तरिक आय | 3643679.02 | 3643679.02 | अन्य खर्च | | 0 |
| २. समानीकरण अनुदान (संघ) | 88915440 | 88915440 | ऋण फिर्ता (साँवा) | | 0 |
| ३. समानीकरण अनुदान (प्रदेश) | 5951000 | ५९५१००० | ऋणको व्याज भुक्तानी | | 0 |
| ४. राजस्व बाँडफाँट (संघ) | 68105615.59 | 68105615.59 | धरौटी फिर्ता तथा सदर स्याहा | | 0 |
| ५. राजस्व बाँडफाँट (प्रदेश) | 3312219.03 | 3312219.03 | कार्यसञ्चालन कोषबाट भएको खर्च | | 0 |
| ६. राजश्व बाँडफाँड स्थानीय | 602105 | 602105 | अन्य कोषबाट भएको खर्च | | 0 |
| ७. ऋण वित्तीय व्यवस्था | 0 | 0 | आर्थिक वर्षको अन्त्यमा मौज्दात | | 0 |
| ८. अन्य आय | 0 | 0 | संचित कोषको मौज्दात | 26147086 | 26147086 |
| ९. धरौटी आय | 1917413.09 | १९१७४१३.०९ | धरौटी | 3736993.6 | 3736993.6 |
| १० कार्यसञ्चालन कोष आय | 17487944.95 | 17487944.95 | कार्यसञ्चालनकोष | 6471101.53 | 6471101.53 |
| ११. अन्यकोषको आय | 0 | 0 | अन्यकोष | | 0 |

2

| | | | | | |
|---|---|---|---|---|---|
| जम्मा | 233627947.3 | 233627947.3 | जम्मा | 233627947.3 | 233627947.3 |
| संङ्घीय तथा प्रदेश सरकारको शशर्त तथा अन्य अनुदान र अन्तर सरकारी अख्तियारी तर्फ | | | | | |
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| संघीय सरकार अनुदान | | | संघीय सरकार अनुदान | | |
| १. सशर्त अनुदान | 173034000 | 173034000 | १. सशर्त अनुदान | 173034000 | 173034000 |
| २. समपुरक अनुदान | 0 | 0 | २. समपुरक अनुदान | 0 | 0 |
| ३. विशेष अनुदान | 11000000 | 11000000 | ३. विशेष अनुदान | 11000000 | 11000000 |
| ४. अनुदान | | 0 | ४. अनुदान | 0 | 0 |
| ५. अन्तर सरकारी अख्तियारी (संघ) | 47368380 | 47368380 | ५. अन्तर सरकारी अख्तियारी (संघ) | 47368380 | 47368380 |
| प्रदेश सरकार अनुदान | | 0 | प्रदेश सरकार अनुदान | 0 | 0 |
| १. सशर्त अनुदान | 9720000 | 9720000 | १. शशर्त अनुदान | 9720000 | 9720000 |
| २. समपुरक अनुदान | 9500000 | 9500000 | २. समपुरक अनुदान | 9500000 | 9500000 |
| ३. विशेष अनुदान | 0 | 0 | ३. विशेष अनुदान | 0 | 0 |
| ४. अन्तर सरकारी अख्तियारी (प्रदेश) | | 0 | ४. अन्तर सरकारी अख्तियारी (प्रदेश) | 0 | 0 |
| गैरसरकारी संस्थाबाट सञ्चालित योजना | | 0 | गैरसरकारी संस्थाबाट सञ्चालित योजना | 0 | 0 |
| वैदेशिक सहयोगमा प्राप्त सञ्चालित योजना | | 0 | वैदेशिक सहयोगमा सञ्चालित योजना | 0 | 0 |
| अन्य आय भएमा | | 0 | अन्य खर्च भएमा | 0 | 0 |
| जम्मा | 250622380 | 250622380 | जम्मा | 250622380 | 250622380 |
| कुल जम्मा | 484250327.3 | 484250327.3 | कुल जम्मा | 484250327.3 | 484250327.3 |

3

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । गाउँपालिकाले महालेखापरीक्षकबाट २०७६।२।१९ मा स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । गाउँपालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

३.१ स्थानीय सरकर सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाको आर्थिक कारोबारको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले आर्थिक बर्षमा गरेका सम्पुर्ण आर्थिक कारोबारको लेखाङ्कन स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकिकृत आर्थिक विवरण ( म.ले.प.फा.नं. २७०) प्रणालिबाट तयार गरेको छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ४६८६८३८०। , घरेलु तथा लघु उद्यमको रु ५०००००। समेत गरी रु ४,७३,६८,३८०। सुत्रमा लेखाङ्कन नगरेको कारण सुत्रबाट तयार भएको वित्तीय विवरणले गाँउपालिकाको सम्पूर्ण आर्थिक कारोबारको चित्रण गरेको छैन । अतः गाँउपालिकाले सबै आर्थिक कारोबार सुत्र मार्फत गरी वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३.२ यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदनले सबै कारोबार नसमेटेको कारण पालिकाले सबै आर्थिक कारोबार समावेश गरी छुट्टै एकिकृत आर्थिक विवरण तयार गरी पेश गरेको छ । उक्त दुई विवरणहरुमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु ९६९५३४.८, यस वर्षको प्राप्ति रु. ७८६९५४३३.०७,यस वर्षको भुक्तानी रु. ७९१४१२६०.३५ र बैङ्क मौज्दात रु १८२१९०.८४ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्रअनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ४४६६२०६५.३९ | ३६२७१०६४७.६४ | ३६७६२२८५५ | ३७३०४०२१.११ |
| एकीकृतआर्थिक विवरणअनुसार | ४३६९२५३०.५९ | ४४१४०६०८०.७१ | ४४६७६४११५.३५ | ३७४८६२११.९५ |
| फरक | ९६९५३४.८ | ७८६९५४३३.०७ | ७९१४१२६०.३५ | १८२१९०.८४ |

३.३ स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता भन्दा बैङ्कमा रु ११२८९७६.८२ घटी मौज्दात रहेको पाइयो । पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीचको हिसाब मिलान विवरण तयार गरी पेश गर्नुपर्ने रु..

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | २७२७६०६२.८२ | २६१४७०८६ | ११२८९७६.८२ |
| विविध खर्च खाता | १२७२१८७.५१ | १२७२१८७.५१ | ०. |
| विविध कोष खाता | ३१३४४३६.०१ | ३१३४४३६.०१ | ०. |
| स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | २०६४४७८.०१ | २०६४४७८.०१ | ०. |
| धरौटी | ३७३६९९३.६ | ३७३६९९३.६ | ०. |
| जम्मा | ३७४८४१५७.९५ | ३६३५५१८१.१३ | ११२८९७६.८२ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,२८,९७६ |

## ४ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

## ५ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा उल्लेखित व्यवस्था अनुसार बजेट सीमा , क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

## ६ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस गाउँपालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २१९११००० | १८९४९८३९ | ५.१५ |
| २ | सामाजिक विकास | २०७९९४४०० | १७७८२४६४४ | ४८.३७ |
| ३ | पूर्वाधार विकास | ११४१२८२७९ | ८८५२६३७७ | २४.०८ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ८९७६००० | ८०९२७७६ | २.२ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ८७४५४२०४ | ७४२२९२४६ | २०.१९ |
| कुल जम्मा | | ४४०४६३८८३ | ३६७६२२८८२ | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४८.३७ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबैभन्दा घटी २.२ प्रतिशत खर्च गरेको देखिएकोले पालिकाले क्षेत्रगतरुपमा सन्तुलित बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ ।

## ७ योजना प्राथमिकीकरण

स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष १७३ योजनामा वजेट विनियोजन गरेकोमा रु २० लाख सम्मका १६४ वटा वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । यसरी साना र वितरणमूखी योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

| क्र.सं. | कार्यक्रमकोनाम | योजना सङ्ख्या | रु.२० लाखमाथिकायोजना सङ्ख्या | रु.५लाखदेखि २० लाख सम्मका योजना संख्या | रु.५लाखभन्दाकमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | विभिन्न | १७३ | ९ | ७३ | ९१ |

## ८ अनुदान वितरण

गाउँपालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकाले यो बर्ष बिभिन्न कृषक समुह तथा संस्थाहरुमार्फत ३४८३ कृषकहरुलाई देहाय अनुसार रु ७३९४०२६ अनुदान उपलब्ध गराएको देखियो ।

| पालिकाको अनुदान | | | | |
|---|---|---|---|---|
| कार्यक्रम | अनुदान रकम | मल बीउ | पशु चौपाया | अन्य |
| मागमा आधारित कार्यक्रम(कृषि पशु सेवा शाखा) | ४,५०,०००।- | कफि खेति, तरकारी खेती | माछा, बाख्रा, बंगुर आदी | |
| याक पवर्दन कार्यक्रम(शंघिय सरकार अनुदान) | ८,००,०००।- | | याक, चौरी | |
| गाई। भैसी पालन प्रवर्द्धन कार्यक्रम ( प्रदेश सरकार अनुदान) | १५,००,०००।- | | गाई, भैसी | |
| नयाँ तरकारी पकेट विकास कार्यक्रम ( संघिय सरकार) | १२,००,०००।- | तरकारी संबन्धी विउ विजन तथा सिंचाई | | |
| जम्मा | ३९५०००० | | | |

अनुदान वितरणबाट उत्पादन वृद्धिमा परेको सकारात्मक प्रभाव तथा कृषकको आर्थिक लाभ अभिवृद्धि भए/नभएको सन्दर्भमा पालिकाको ध्यानाकर्षण हुनुपर्दछ ।

## ९ ठेक्का अभिलेख

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखमा कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। यस पालिकाले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

## १० अनुदान फिर्ता

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानिकरण बाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ। प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०८२ असार मसान्तमा रु १२३९२३०५। अनुदान खर्च नभई बाँकी रहेको मध्ये २०८२।५।२४ मा रु ११३८१९९७। फिर्ता गरी रु १०१०३०८। लेखापरीक्षण अवधि सम्म पनि फिर्ता गरेको नदेखिएकोले फिर्ता गरेको प्रमाण पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,१०,३०८ |

## ११ खर्च विष्लेषण

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु ३६,४३,६७९। राजस्व बाँडफाँड र अनुदानबाट रु ३९,४५,३६,६३२। समेत रु ३९,८१,८०,३११। आम्दानी भएकोमा चालु तर्फ रु २५,९६,६०,२८८। र पूँजिगत तर्फ रु १०,७९,६२,५९६। समेत रु ३६,७६,२२,८८४। खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.९२ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु ४९,५०,०००। खर्च भएको छ जुन आन्तरिक आयको १३५.८५ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७०.६३ प्रतिशत चालु र २९.३७ प्रतिशत पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## १२ खरिद योजना

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना र वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु १०,७९,६२,५९६। पूँजीगत खर्च गरेको छ । पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले सार्वजनिक ऐन तथा नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई खरिद व्यवस्थापन कार्य गर्नुपर्दछ ।

१३ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ बमोजिम गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको देखिएन । यस सम्बन्धमा देखिएका अन्य ब्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गरेको देखिएन

• गाउँपालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको देखिएन

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा गाउँपालिकाले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार गरेको देखिएन

• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार गरेको देखिएन

• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना गरेको पाइएन

• गाउँपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाइएन

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमण अभिलेख व्यवस्थित गरी राखेको पाइएन

• गाउँपालिकाले सार्वजनिक खरिद नियमावली तर्जुमा गरेको पाइएन

• पालिकाले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको पाइएन

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको पाइएन

• गाउँपालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वियन र अभिलेख राखेको पाइएन

• गाउँपालिकाले विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन

• विद्यालयहरुलाई अनुदान निकासा दिँदा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वियन गरेको देखिएन

• सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार गरेको देखिएन

• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित रहेको देखिएन

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गरेको छैन

• म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राखेको पाइएन

• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख राखेको देखिएन

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१४ **आन्तरिक लेखापरीक्षण**

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर

पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

१५ **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १०७९६२५९६ | १४६४२४६२ | ३६०६५६४ | २०३८०६८८ | ६९३३२८८२ | ५४८३४८२१ |
| प्रतिशत | | १३.५६ | ३.३४ | १८.८८ | ६४.२२ | ५०.७९ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. १०,७९,६२,५९६। निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. १,४६,४२,४६२। (१३.५६प्रतिशत), दोस्रो त्रैमासिकमा रु. ३६,०६,५६४। ( ३.३४ प्रतिशत), तेस्रो त्रैमासिकमा रु. २,०३,८०,६८८। ( १८.८८ प्रतिशत) र चौथो त्रैमासिकमा रु. ६,९३,३२,८८२। (६४.२२ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ५,४८,३४,८२१। (५०.७९ प्रतिशत) खर्च देखिनुले त्रैमासिकरुपमा सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१६ **इन्धन खर्च**

गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ७ मा पदाधिकारीको सवारी साधनको निम्ति सभाबाट स्वीकृत भएको बजेटभित्र रही कार्यपालिकाले निर्णय गरेबमोजिमको मासिक रुपमा तोकिएको सवारी इन्धन तथा मोविल कार्यपालिकाबाट उपलब्ध हुने उल्लेख छ । पालिकाले यस वर्ष इन्धनमा जम्मा रू. २२,७५,०००। खर्च गरेको छ । पालिकाले सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन।अत: इन्धन खर्चको अभिलेख राखेर खर्च गर्ने गर्नुपर्दछ ।

१७ **महोत्सव खर्च**

स्थानीय सरकार संचालन ऐन, २०७४ ले स्थानीय तहले योजना छनोट गर्दा रोजगारी सृजना हुने, जीवनस्तरमा वृद्धि हुने, आय आर्जनसँग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासको योजनाहरूको छनोटमा ध्यान दिनुपर्दछ। पालिकाले संघीय सरकारबाट सिमित स्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक आय पनि सिमित रहेको अवस्थामा सिमित स्रोतको अधिकतम उपयोग हुने गरी उल्लेखित विषयहरुमा केन्द्रित भई योजनाहरु कार्यान्वयन गर्नुपर्नेमा प्रस्तावनाका आधारमा कार्यपालिकाको निर्णयबमोजिम वितरणमुखी योजना र कार्यक्रमहरु सञ्चालन गर्ने गरेको देखियो। यस्तो योजना र कार्यक्रमहरुले पालिकाको अर्थतन्त्रमा उल्लेखनीय योगदान नपुर्याउने तथा पालिकाको आर्थिक व्ययभार बढ्न गई प्राप्त आयले धान्न नसक्ने हुनाले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ । यस सम्बन्धी केही उदाहरण निम्नानुसार छन्

| भौचर नं. र मिति | कार्यविवरण | भुक्तानी प्राप्त गर्ने संस्था | रकम | खर्चको अवस्था |
|---|---|---|---|---|
| ३६१।०८२।१।८ | सिरिजङ्गा महोत्सव | विभिन्न | २३८४००० | मापदण्ड वेगर खर्च गरेको |

१८ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० बमोजिम पेश्की रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुबैको कर्तव्य हुने उल्लेख छ। आर्थिक वर्षको अन्तसम्म निम्न निर्माण व्यवसायीलाई दिएको पेश्की रु ४८,५०,०००। फर्स्यौट भएको नदेखिएकाले नियमावलीमा उल्लेखित व्यवस्था अनुसार फर्स्यौट गर्नुपर्दछ ।

| गो. भौ. | प्रयोजन | पेश्की लिनेको नाम | म्याद ननाघेको पेश्की रकम |
|---|---|---|---|
| २८।०८२।३।२५ | सुवाखोला मोटरेवल पुल निर्माण | सगरमाथा/ आस्रिका/ आयुष जेभि | ४८५०००० |
| | जम्मा | | ४८५०००० |

## १९ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले यस आर्थिक वर्ष सम्ममा ६ ऐन, १२ नियमावली/ मापदण्ड, ७ कार्यविधि र २ निर्देशिका गरी जम्मा २७ वटा कानुन निर्माण गरी कार्यान्वियनमा ल्याएको छ । उक्त कानूनहरु प्रभावकारीरुपमा कार्यान्वियन गर्नुपर्दछ ।

## २० आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३६७६२२८८४ | ३६४३६७९ | ०.९९ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा 0.९९प्रतिशत मात्र रहेको छ । पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## २१ आय अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु ५४,९०,०००। प्राप्त हुने प्रक्षेपण गरेकोमा रु ३६,४३,६७९। अर्थात अनुमान भन्दा ३३.६३ प्रतिशत घटि आय प्राप्त गरेको छ ।पालिकाले आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ पहल गर्नुपर्दछ ।

## २२ राजश्व अभिलेख

कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा वर्डा कार्यालयहरुले आफुले प्राप्त गरेका नगदी रसिदहरुको पुरा अभिलेख पालिकामा नबुझाएको कारण वर्डा कार्यालयहरुले उठाएको राजश्व यथार्थ भएको सम्बन्धमा आश्वसत हुन सकिएन । गाँउपालिकाले सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्नुपर्दछ साथै रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत संकलन गर्नुपर्दछ।

## २३ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन ।

स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

२४ **मर्मत खर्च**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १५ (५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ । पालिकामा चार पाङ्ग्रे सवारी साधन २, दुई पाङ्ग्रे सवारी साधन २८ भएकोमा यस वर्ष रू. ४५,००,०००।- सवारी साधन मर्मतमा खर्च गरेको छ । सवारी साधन मर्मत गर्दा लागत अनुमान तयार गर्ने नगरेको, मर्मत अभिलेख खाता राखेको देखिएन । सवारी साधनको मर्मत गर्दा लागत अनुमान तयार गरी मर्मत अभिलेख खाता राखेर मितव्ययी रुपमा खर्च गर्नुपर्दछ।

२५ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत यस बर्ष नगरपालिका भित्रका वडाहरुमा बाटो सोलिङ्ग तथा ग्राभलिङ्ग, पदमार्ग निर्माण, खेल मैदानको पर्खाल निर्माण लगायतका १२ वटा कार्यक्रम सञ्चालन गरी कामका लागि पारिश्रमिकमा आधारित कार्यविधि, २०७७ अनुसार सूचिकृत बेरोजगार मध्येबाट ६९ जनालाई जम्मा ६९०० दिन रोजगारी उपलव्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम समेतमा रु. ६६,४६,३००।- खर्च गरेको छ । पालिकाको नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत योजना छनौट गर्दा छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा आश्वस्त हुन सकिएन । पालिकाको दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ ।

२६ **शिक्षक विद्यार्थी अनुपात**

शिक्षा नियमावली, २०५९ (संशोधनसहित) को नियम ७७ को उपनियम (१) बमोजिम विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा १:४०, पहाडी भेगमा १:४५ र तराई भेगमा १:५० रहने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ मा पालिका अन्तर्गत ३६ सामुदायिक विद्यालयमा २०६ शिक्षक र २६२३ विद्यार्थी रहेकोमा समग्रमा औषत शिक्षक विद्यार्थी अनुपात १:१३ रहेको छ। विभिन्न तहका विद्यालयको शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको देखिन्छ ।

| क्र.स. | विद्यालय तह | शिक्षक संख्या | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात | कैफियत |
|---|---|---|---|---|---|
| १ | उच्च माद्यमिक विद्यालय | ४ | ११७ | १:३० | |
| २ | माद्यमिक विद्यालय | १६ | ४२६ | १:२७ | |
| ३ | निम्न माद्यमिक विद्यालय | ३० | ६१९ | १:२१ | |
| ४ | प्राथमिक विद्यालय | ११५ | ११८२ | १:११ | |
| ५ | भाषा तथा बाल बिकास तर्फ | ४१ | २७९ | १:७ | |
| | जम्मा | २०६ | २६२३ | १:१३ | |

पालिका भित्रका अधिकांश सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात तोकिएभन्दा कम रहेको देखिन्छ ।सार्वजनिक विद्यालय समायोजन एवं एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७७ र शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन ) कार्यविधि,२०७६ अनुसार संघीय कानूनले तोकेबमोजिम विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलानको कार्य सुरु गरेता पनि पूर्ण रुपमा कार्यान्वयन गरेको देखिएन।अतः कार्यविधिले तोके अनुसार विद्यालय समायोजन र शिक्षक दरबन्दि मिलानको कार्य पूर्णरुपमा कार्यान्वयन गर्नुपर्दछ।

२७ **नर्म्स विपरित खर्च**

१३।०८१।६।२१ सार्बजनिक खरिद नियमावली २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान बनाउदा सम्बन्धित मन्त्रालयले परामर्श सेवाको लागत अनुमान सम्बन्धी नर्म्स तयार गरेको भए त्यस्तो नर्म्स, सम्बन्धित परामर्श सेवाको कार्यक्षेत्रगत शर्त

तथा सम्बन्धित सार्वजनिक निकाय वा अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत लाई आधार लिनुपर्ने व्यवस्था छ । गाउँपालिकाले ससर्का थामडाँडा हुदै तिम्बुङपोखरी जाने मोटरबाटो डिपिआर निर्माण कार्य रु १७६६१९०। मा पि बि इन्जिनियरिङ एसोसिएटस प्रालि संग सोझै खरिद गरेको देखियो । डिपिआर निर्माण कार्यको सडक विभागको नर्म्स प्रयोग गरी लागत अनुमान तयार गर्दा नर्म्समा नभएको रिम्बर्सेबल एक्सपेन्सेसमा मुअकर समेत रु १,९९,९१०। लागत अनुमान तयार गरी भुक्तानी गरेको देखिएकाले नर्म्समा नभएको आईटम बापत लेखेको खर्च सम्बन्धितबाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,९९,९१० |

२८ **लेखापरीक्षण शुल्क**

२२६/२०८२/३/२३ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यबस्था छ । गाउँपालिकाले गाउँपालिका पूजीगत बजेट खर्च उपशिर्षकको कन्टेजेन्सी बाट देहाय अनुसारका टोल विकास संस्थाहरुको अन्तिम लेखापरीक्षण शुल्क बापत रु १,२५,०००/- खर्च लेखेको देखियो । यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

| लेखापरीक्षण कम्पनी | टोल विकास संस्था | भुक्तानी रकम रु |
|---|---|---|
| एम.पि नेपाल एण्ड एशोसियट्स ताप्लेजुङ्ग | ७ | ७०,०००/- |
| डि भट्टराई एशोसियट्स ताप्लेजुङ्ग | ३ | ३५,०००/- |
| बि.नि. राई एण्ड एशोसियट्स | २ | २०,०००/- |
| | जम्मा | १,२५,०००/- |

२९ **विविध खर्च**

नेपाल सरकार खर्च वर्गीकरण निर्देशिका २०७४, बमोजिम शिर्षक नं २७४११ बाट अन्य कार्यक्रममा समेट्न नसकेका शिर्षकलाई विविध शिर्षकमा राखि खर्च गर्न सक्ने व्यबस्था रहेको छ। पालिकाको सुत्रको विवरण अनुसार विविध खर्चमा रू. २७,३५,६२० खर्च गरेको छ । पालिकाले अधिकांश भुक्तानीमा कार्यक्रम, सहभागी संख्या नखुलाई विभिन्न होटल तथा रेस्टुराँको बिल भरपाई संलग्न गरी खाना खाजा लगायतका खर्च गर्ने गरेको देखियो। विविध खर्च रकम पालिकाको कुल आन्तरिक आय रु. ३६ लाख ४३ हजारको ७५.०७ प्रतिशत हुन आउँछ । पालिकाले विविध खर्च गर्दा प्रयोजन खुलाई आन्तरिक आयको परिधि भित्र रही मितव्ययी रुपमा खर्च गर्नुपर्दछ ।

३० **मापदण्ड वेगर खर्च**

सार्वजनिक निकायले सरकारी रकम खर्च गर्दा तोकिएको मापदण्ड वा नर्म्सका आधारमा गर्नुपर्दछ । गाउँपालिकाले तीम्बुङ पोखरी मिनी म्याराथुन दौड प्रतियोगिता संचालन गर्न रु ८,५०.००० ।खर्च लेखेकोमा नर्म्सको प्रयोग गरेको देखिएन । उक्त कार्यक्रममा स्वीकृत नर्म्स र मापदण्ड बिना अतिथिको भोजनका लागि रु ४,८७,०००।र विविध खर्च रु ५००००। जस्ता खर्च गरेको देखियो । यसरी मापदण्ड वेगर खर्च गर्ने कार्य नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ८,५०,००० |

३१ **कार्यविधि, निर्देशिका तथा मापदण्ड**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा पालिकाले आफ्नो क्षेत्राधिकार भित्रको विषयमा ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ। पालिककाले कर्मचारी, उपभोक्ता समिति तथा अन्य लाभग्राही समुहलाई सचेतना, क्षमता विकास, सीप विकास आदिसँग सम्बन्धित तालिम, गोष्ठी अभिमुखीकरण लगायतको कार्यक्रम सञ्चालनको लागि निर्देशिका तर्जुमा गरी लागू गरेको छैन। यसले गर्दा कार्यक्रम सञ्चालनमा जिम्मेवारी, जवाफदेही, खर्च प्रक्रिया तथा मापदण्डमा समानता आउन सक्ने देखिएन। पालिकाले कार्यक्रम कार्यान्वयन सम्बन्धी निर्देशिका तर्जुमा गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ। पालिकाले कृषि औजार लगायतका सामग्री वितरण तथा फलफुल विरुवा, बाख्रा र कुखुरा वितरण लगायतका कार्यक्रम सञ्चालन गर्दा सरोकारवालाहरूलाई

सूचना प्रवाह, प्रस्ताव/माग संकलन, लाभग्राही छनोट र वितरण सम्बन्धी प्रकृया एवं मापदण्ड तर्जुमा नगरेकोले आम नागरिकको पहुँच सुनिश्चित र पारदर्शी भएको देखिएन । अत गाउँपालिकाले अनुदान वितरण सम्बन्धी आवश्यक निर्देशिका तथा कार्यविधि तयार गरेर अनुदान वितरण गर्नुपर्दछ ।

### ३२ वितरणमुखी खर्च

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ को १.७ मा स्थानीय तहहरुले योजना तर्जुमा गर्दा विभिन्न आधारहरू लिनुपर्ने व्यवस्था रहेको छ। योजना तर्जुमाको प्रमुख उद्धेश्य आर्थिक सामाजिक क्षेत्रको विकास गरि जनताको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउनु हो । आर्थिक तथा सामाजिक क्षेत्रमा योजना तर्जुमा गर्दा दिर्घकालसम्म प्रतिफल दिईरहने र जनताको जिवनस्तरमा सुधार ल्याउने विषयलाई ध्यान दिनुपर्दछ । पालिकाको अनिवार्य दायित्व रहेको आधारभुत आवश्यकताको क्षेत्रमा बजेट विनियोजन गर्दा दिर्घकालिन समस्या समाधान हुने गरी संघीय तथा प्रादेशिक सरकारका कार्यक्रममा समन्वय गरि योजना बनाउनुपर्दछ। वर्तमानमा तर्जुमा गरिएका कार्यक्रमको उपलब्धी तथा यसले पार्ने दिर्घकालिन प्रभावलाई ध्यान दिनुपर्दछ। वितरणमुखी कार्यक्रममा केहि उदाहरण निम्नानुसार रहेका छन् ।

| भौचर नं. र मिति | कार्यविवरण | भुक्तानी प्राप्त गर्ने संस्था | रकम | खर्चको अवस्था |
|---|---|---|---|---|
| २३।०८१।६।२१ | तिज विशेष कार्यक्रम | महिला समुह | १००००० | |

अत: गाउँपालिकाले यस्ता वितरणमूखी योजनाहरुमा बजेट विनियोजन गरी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

### ३३ बढी भुक्तानी

नेपाल सरकारको कार्यसञ्चालन निर्देशिका २०८१ मा गाउँपालिका स्तरमा संचालन हुने तालिम कार्यक्रममा प्रवचन र कार्यपत्रबापतको प्रशिक्षण भत्ता रु १३०० का दरले दिने व्यवस्था छ । नमुना परीक्षण गर्दा गाउँपालिकाले संचालन गरेको देहायको तालिम कार्यक्रममा तोकिएको भन्दा देहायअनुसार बढी प्रशिक्षण भत्ता भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी भएको प्रशिक्षण भत्ता सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु

| गो.भौ. | कार्यक्रम | भुक्तानी पाउने | सेसन संख्या | भुक्तानी भएको दर | भुक्तानी हुनुपर्ने दर | बढी दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| | मेलमिलाप कर्ताको लागि पुन ताजकीय तालिम | मानव अधिकार मञ्च | २० | २५०० | १३०० | १२०० | २४००० |
| | | | | | | असुल गर्नुपर्ने | २४,००० |

### ३४ सोझै खरिद

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम प्रतिष्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ साथै नियमावली २०६४ को नियम ८५ मा दश लाख सम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने र एक आर्थिक वर्षमा एक पटक वा पटक पटक गरी तोकिए भन्दा बढी रकमको एउटै व्यक्ति,फर्म, कम्पनी वा संस्थाबाट खरिद गर्न नसकिने व्यवस्था छ । गाउँपालिकाले देहायअनुसारका आपूर्तिकर्ताबाट रु १६,७९,१७६। को सोझै खरिद गरेको देखियो । सोझै खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

| गो. भौ . | खरिदको विवरण | आपूर्तक/ निर्माण व्यवसायी | भुक्तानी रकम |
|---|---|---|---|
| २२६।०८२।३।२३ | विभिन्न सामग्री | पाउपाथिभरा ट्रेड एण्ड सप्लायर्स( ६०९४९२१५८ ) | २५९३१६ |
| २४७।०८२।३।२५ | विभिन्न मसलन्द सामग्री | पाउपाथिभरा ट्रेड एण्ड सप्लायर्स( ६०९४९२१५८ ) | ४८५२८० |
| ६।०८१।६।२० | विभिन्न सामग्री | पुर्वाञ्चल सप्लायर्स( ३०२४११०७४ ) | ५८००४४ |
| १०।०८१।६।२० | विभिन्न सामग्री | पुर्वाञ्चल सप्लायर्स( ३०२४११०७४ ) | ३५४५३६ |
| | जम्मा | | १६७९१७६ |

### ३५ हेभि मेसिन प्रयोग

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को (९) र (१०) मा उपभोक्ता समिति बाट सञ्चालित निर्माण कार्यमा लोडर एक्साभेटर जस्ता हेभि मेशिनहरुको प्रयोग गर्न र उपभोक्ता समितिले पाएको काम कुनै निर्माण व्यवसायी वा सव कन्ट्रयाक्टर बाट गराउनु नहुने व्यवस्था छ । गाउँपालिकाले रु १,११,३५,७९२/- मुल्यका २४ सडक योजना हरुको निर्माण कार्य उपभोक्ता समिति सगँ सम्झौता गरी गराएकोमा उपभोक्ता समितिले देहाएका निर्माण व्यवसायीहरुका हेभि मेशिनहरु प्रयोग गरी निर्माण कार्य गरी प्राविधिक मूल्याङ्कन अनुसार खर्च भएको पुरै रकम निर्माण व्यवसायीहरुलाई भुक्तानी गरेको देखियो । यसरी नियमावली विपरीत उपभोक्ता समितिले पाएको पुरै काम हेभि मेशिनको प्रयोग गरी निर्माण व्यवसायीलाई भुक्तानी गर्ने कार्य नियमसम्मत देखिएन । अत: गाउँपालिकाले उपभोक्ता समिति मार्फत गराउने निर्माण कार्यमा हेभि मेशिन प्रयोग तथा उपभोक्ता समितिले आफुले पाएको काम निर्माण व्यवसायी मार्फत गराउने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

| निर्माण व्यवसायी | सडक योजना संरचना | योजनाको कुल खर्च | निर्माण व्यवसायी लाई भुक्तानी भएको रकम |
|---|---|---|---|
| भन्ज्याङ्ग निर्माण सेवा | १७ | ८४,७०,०७८/- | ८४,७०,०७८। |
| याङ्गतारु निर्माण सेवा | ६ | ६,८५,०००/- | ६,८५,०००/- |
| | जम्मा | १,११,३५,६९२/- | १,११,३५,६९२/- |

### ३६ बढी भुक्तानी

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(४) मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा निर्माण सामग्रीको दरभाउ नर्धारण गर्दा जिल्ला दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले सिदिङ्वा गाउँपालिका कभर्डहल निर्माण कार्यको लागत अनुमान तयार गर्दा ७२८६ केजी एम एस पाइपको दर दररेट निर्धारण समितिले निर्धारण गरेको प्रति केजी रु १२०।का दरले गर्नुपर्नेमा रु १२५। दरले गरी नोरुङ्गा भञ्ज्याङ टोल विकास संस्थालाई मुअकर समेत रु ४११६६। बढी भुक्तानी गरेको देखिएकाले सो रकम सम्बन्धित टोल विकास संस्थाबाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४१,१६६ |

### ३७ अतिरिक्त भत्ता

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६(२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। विभिन्न समयमा कर्मचारीहरु कार्यालय समय भन्दा अघि पछि कार्य गरेको भनी ८ जना कर्मचारीहरुले विभिन्न भौचरबाट आर्थिक बर्षको अन्त्यमा खाजा भत्ता वापत रु ३७४००० भुक्तानी दिएको छ। पालिकाले कर्मचारीलाई अतिरिक्त कार्य गराउने निर्णय, प्रमुख प्रशासकियबाट दिएको दिएको TOR, इ-हाजिरी जस्ता कागजात संलग्न नभएकोले सुचकको आधारमा प्रोत्साहन भत्ता दिएको देखिएन। कानूनमा व्यवस्था नगरी भुक्तानी गरेको खाजा भत्ता नियमसम्मत नदेखिएको रु

| क्र.सं. | पद | नामथर | खुद भुक्तानी भत्ता रकम |
|---|---|---|---|
| १ | स.ई. | रुद्र प्रसाद बेघा लिम्बु | ७८९०० |
| २ | रोजगार प्राविधिक | दिव्यराज फुँयल | ५९३०० |
| ३ | | विमला धामी | ३५७०० |
| ४ | का.स. | नयन्द्र कुमार तामाङ | २२५०० |
| ५ | अ.स.ई. | विराज कट्टेल | ३८१०० |
| ६ | अ.स.ई. | सुजन कुमार राई | २१६०० |
| ७ | स.ई. | सरोज कार्की | ५९४०० |
| ८ | का.स. | दावा किपा शेर्पा | ३१५०० |
| | | **जम्मा** | **३७४०००** |

| | |
|---|---|
| अनियमित भएको | ३,७४,००० |

३८ **कर्मचारी करार**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने तथा दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । गाउँपालिकाले उल्लेखित पद वाहेकको देहायअनुसारका कर्मचारी करारमा नियुक्ति गरी वार्षिक रु ३६३७५७२ तलब खर्च लेखेको नियमसम्मत नदेखिएको रु

| नामथर | पद | मासिक तलब | वार्षिक तलब |
|---|---|---|---|
| असोक गौतम | सहायक चौथौ | ३२९०२ | ४५१७२६ |
| एमिमा इधिङ्गो लिम्बु | सहायक चौथौ ( असिष्टेण्ट सव इञ्जिनियर ) | ३२९०२ | ४५१७२६ |
| गोपाल गौतम | सहायक चौथौ ( असिष्टेण्ट सव इञ्जिनियर ) | ३२९०२ | ४५१७२६ |
| विनोस चौहान | सहायक चौथौ | ३२९०२ | ४५१७२६ |
| शिव सार्की | सहायक चौथौ | ३२९०२ | ४५१७२६ |
| सुजन कुमार राई | सहायक चौथौ ( असिष्टेण्ट सव इञ्जिनियर ) | ३२९०२ | ४५१७२६ |
| प्रियंका श्रेष्ठ | सहायक पाँचौ ( कम्प्युटर अपरेटर ) | ३४७३० | ४७५४९० |
| सोमनाथ कडरिया | सहायक चौथौ | ३२९०२ | ४५१७२६ |
| | | २६५०४४ | ३६३७५७२ |

| | |
|---|---|
| अनियमित भएको | ३६,३७,५७२ |

३९ **नापी किताव**

१४१/२०८२/३/३ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) मा उपभोक्ता समितिले कामको प्राविधिक मुल्याङ्कन र खर्च प्रमाणित गर्ने अन्य कागजात समितिको बैठक बाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले विभिन्न खानेपानी योजनाहरुको लागि आवश्यक पर्ने रु ७,९६,६५०/- मुल्यका ७२०० मिटर पोलिथिन पाईप खरिद

गरी उपभोक्ता समिति लाई हस्तान्तरण गरेकोमा उपभोक्ता समितिले ती पाईपहरु योजनामा प्रयोग गरेको प्राविधिक मुल्याङ्कन भएको नापी किताब पेश नभएकाले पेश हुनुपर्ने अन्यथा पाईप फिर्ता गरी जिन्सी किताबमा आम्दानी गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,९६,६५० |

४० **पुर्वनिर्धारित क्षतिपुर्ति**

४०.१ खरिद सम्झौताको बिशेष शर्त नम्बर ५५.१ मा आपूर्तिकर्ताको ढिलाईको कारणले खरीद संझौता बमोजिमको काम तोकिएको समयमा सम्पन्न हुन नसकेमा संझौता रकमको १० प्रतिशतमा नबढ्नेगरी साधारणतया प्रतिदिन संझौता रकमको ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति लिनुपर्ने उल्लेख छ । गाउँपालिकाले वडा नं. ७ को वडा भवन निर्माण कार्य २०७९।१।३१ मा सम्पन्न गर्ने गरी भ्याट बाहेक रु ९२,३६,८१५। मा सम्झौता गरेकोमा लेखापरीक्षण अवधि २०८२।५।४ सम्म पनि कार्यसम्पन्न गरेको नदेखिएकाले गाँउपालिकाले खरिद सम्झौतामा उल्लेखित व्यवस्था अनुसार निर्माण व्यवसायीबाट पूर्वनिर्धारित क्षतिपूर्ति प्राप्त गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

४०.२ सार्वजनिक खरीद नियमावली २०६४ को नियम १२१ (क) र खरिद सम्झौताको बिशेष शर्त नम्बर ५५.१ मा आपूर्तिकर्ताको ढिलाईको कारणले खरीद संझौता बमोजिमको काम तोकिएको समयमा सम्पन्न हुन नसकेमा संझौता रकमको १० प्रतिशतमा नबढ्नेगरी साधारणतया प्रतिदिन संझौता रकमको ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति लिनुपर्ने उल्लेख छ । गाउँपालिकाले साब्लाखु लिम्बुदिन मेहेले सुरुमखिम मोटरबाटो स्तरोन्नति कार्य २०८१।२।२५ मा सम्पन्न गर्ने गरी मुअकर समेत रु ८२५६१०८। मा बिसन अकिला जेभि संग सम्झौता गरेकोमा निर्माणव्यवसायीले उक्त निर्माण कार्य २०८१।६।१६ मा सम्पन्न गरेको देखियो । यसरी निर्माण कार्य तोकिएको समयभन्दा ११६ दिन ढिलो सम्पन्न गर्ने निर्माण व्यवसायी बाट खरिद सम्झौता उल्लेखित व्यवस्था बमोजिम रु ४२३७४६।पूर्वनिर्धारित क्षतिपूर्ति प्राप्त गर्नुपर्नेमा गरेको नदेखिएकाले सो रकम निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,२३,७६४ |

४१ **खरिद भएका सामानको उपयोग**

१९/२०८२/३/३ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २४ र नियमावली २०७७ को नियम ९९(५) मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा साधन श्रोतको उच्चतम प्रतिफल प्राप्त हुने गरी खर्च गर्नुपर्ने र कार्यालयको आवश्यकता भन्दा बढि हुने जिन्सी मालसामान खरिद गर्नु हुदैन भन्ने उल्लेख छ । गाउँपालिकाले वडा नं. ६ मेहेलेमा बर्थिङ्ग सेन्टर सञ्चालनको लागि शिलबन्दी दरभाउपत्रको माध्यमबाट रामलक्ष्मण फार्मेसीबाट बर्थिङ्ग सेन्टरको लागि आवश्यक पर्ने रु १३,८९,१२० मुल्यका विभिन्न औषधी र स्वास्थ्य उपकरणहरु खरिद गरेकोमा बर्थिङ्ग सेन्टर स्थापना नभएको कारण उक्त सामाग्रीहरु भण्डारमा नै मौज्दात रहेको देखिन्छ । यसरी बर्थिङ्ग सेन्टर स्थापना नहुदै औषधी र उपकरण खरिद गरी मौज्दात राख्ने कार्य नियमसम्मत नभएको रु

| | |
|---|---|
| अनियमित भएको | १३,८९,१२० |

४२ **नापी भन्दा बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा रनिङ्ग विलको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी वितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । गाउँपालिकाले देहायका योजनाहरुको काम उपभोक्ता समिति मार्फत गराएको नापी किताबमा उल्लेख भएको वास्तविक कार्य परिमाण भन्दा बढी परिमाणको भुक्तानी गरी उपभोक्ता समितिलाई रु ८९,६४८/- बढी भुक्तानी गरेको देखिएकाले सो रकम सम्बन्धित उपभोक्ता समिति बाट असुल गर्नुपर्ने रु

| गो. भौ. नं. | योजनाको नाम | कामको विवरण | नापी अनुसारको परिमाण | भुक्तानी परिमाण | भुक्तानी दर | बढी भुक्तानी रु |
|---|---|---|---|---|---|---|
| १८४/२०८२/३/१६ | सिलसिले सडक निर्माण | नरम माटो कटिङ्ग | ५०८० घ.मी. | ५२८८ घ.मी. | ८९।९८ | १८७१५/- |
| १८४/२०८२/३/१६ | | नरम चट्टान कटिङ्ग | ४५१ घ.मी. | ४७०घ.मी. | २६९।९७ | ५१२९/- |
| १८४/२०८२/३/१६ | | कडा चट्टान कटिङ्ग | ११३घ.मी. | ११८घ.मी. | २०२४।७८ | १०१२३/- |
| ८४/२०८२/११/२१ | देविथान मोटर बाटो | कडा चट्टान कटिङ्ग | ३४० घ.मी. | ३६७.५ घ.मी. | २०२४/७८ | ५५६८१/- |
| | | | | जम्मा | | ८९,६८४/- |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८९,६८४ |

४३ **बढी भुक्तानी**

८८/२०८१/११/२१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा रनिङ्ग विलको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी वितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । सम्हालुङ्ग निर्माण सेवाले मोटर बाटो निर्माण गरेवापत रु ८,३७,८८८/- प्राविधिक मुल्याङ्कन भएको विल र कर विजक पेश गरेकोमा गाउँपालीकाले रु ८,३७,८८८/- भुक्तानी दिएको देखिएकाले बढी भुक्तानी गरेको रु १८०००/- निर्माण व्यवसायी बाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८,००० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : सिदिङ्वा गाउँपालिका, ताप्लेजुङ , सिदिङ्वा गाउँपालिका , ताप्लेजुङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | विकास वि.के. | २०८१-२-१६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सुरेन्द्र कट्टवाल | २०७९-३-१२ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ७९६,५२४ | ६,२५०,६९२ | २,९३५,९३४ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ९,९८३,१५० |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ९,९८३,१५० |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ४३६९२५३०.५९ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २६१८७६०२९ | चालु खर्च | २५९६६०२८८ |
| प्रदेश सरकारबाट अनुदान | २५१७१००० | पूँजीगत खर्च | १०७९६२५९६ |
| राजश्व बाँडफाँट | ७२०१९९३९.६२ | वित्तीय/अन्य व्यवस्था | ७९१४३२८५.३५ |
| आन्तरिक आय | ३६४३६७९.०२ | | |
| अन्य आय | ७७८४७१४९.०७ | | |
| कुल आय | ४४०५५७७९६.७१ | कुल खर्च | ४४६७६६१६९.३५ |
| बाँकी मौज्दात | | ३७४८४१५७.९५ | |

## अनुसूची - २

## बेरूजु दफा ३.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

10/31/25, 11:10 AM SuTRA म.ले.प.फा.नं. २७०-०१

नेपाल सरकार
महालेखा परीक्षकको कार्यालय काठमाडौं
कार्यालयको कोड : २०८००३५०१

म.ले.प.फा.नं. २७०-०१

वित्तीय प्रतिवेदन

आ.व : २०८१/८२ अवधी : २०८१/०४/०१ - २०८२/०३/३२ प्रदेश : कोशी प्रदेश जिल्ला : ताप्लेजुङ स्थानीय तह : सिदिङ्वा गाउँपालिका, ताप्लेजुङ

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| क.स./ आर्थिक | विवरण | टिप्पणी नं | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै | जम्मा |

| सङ्केत | | | | (साझा भुक्तानी) | | | भुक्तानी) | |
|---|---|---|---|---|---|---|---|---|
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ७,२६,७३,९५९.०४ | ०.०० | ७,२६,७३,९५९.०४ | ६,४८,८१,७५४.४४ | ०.०० | ६,४८,८१,७५४.४४ |
| १३००० | अनुदान | | २८,७०,४७,०२९.०० | ०.०० | २८,७०,४७,०२९.०० | २६,१२,७५,२७५.६० | ०.०० | २६,१२,७५,२७५.६० |
| १४००० | अन्य राजस्व | | २५,९७,१२१.६० | ०.०० | २५,९७,१२१.६० | २६,११,३२३.६६ | ०.०० | २६,११,३२३.६६ |
| १५००० | विविध प्राप्ति | | ३,९२,५३८.०० | ०.०० | ३,९२,५३८.०० | १,१७,९४९.०० | ०.०० | १,१७,९४९.०० |
| क | **कुल जम्मा प्राप्ति** | | ३६,२७,१०,६४७.६४ | | ३६,२७,१०,६४७.६४ | ३३,६८,८६,३०२.७० | | ३३,६८,८६,३०२.७० |
| ३ | चालु | | २५,९६,६०,२८८.२६ | ०.०० | २५,९६,६०,२८८.२६ | २५,६५,९०,३६८.९५ | ०.०० | २५,६५,९०,३६८.९५ |
| २१००० | पारिश्रमिक / सुविधा | | १७,८८,७०,५७९.३३ | ०.०० | १७,८८,७०,५७९.३३ | ८,४९,००,९२८.५१ | ०.०० | ८,४९,००,९२८.५१ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ७,०१,२५,११२.५३ | ०.०० | ७,०१,२५,११२.५३ | ६,६८,१७,४२०.४२ | ०.०० | ६,६८,१७,४२०.४२ |
| २५००० | सहायता (Subsidy) | | ६९,८२,३७४.४० | ०.०० | ६९,८२,३७४.४० | १०,०२,४२,७०३.९४ | ०.०० | १०,०२,४२,७०३.९४ |
| २७००० | सामाजिक सुरक्षा | | ११,९०,५१२.०० | ०.०० | ११,९०,५१२.०० | २६,५२,४९६.०० | ०.०० | २६,५२,४९६.०० |
| २८००० | अन्य खर्च | | १६,११,७१०.०० | ०.०० | १६,११,७१०.०० | १८,९६,८२०.०० | ०.०० | १८,९६,८२०.०० |
| ४ | पूंजीगत | | १०,७९,६२,५९६.७४ | ०.०० | १०,७९,६२,५९६.७४ | ११,१४,६३,५७९.६९ | ०.०० | ११,१४,६३,५७९.६९ |
| ३१११० | भवन तथा संरचना | | १,७४,७६,१५७.१२ | ०.०० | १,७४,७६,१५७.१२ | ५१,७०,९२७.६० | ०.०० | ५१,७०,९२७.६० |
| ३१४२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ९१,६६,६३५.२७ | ०.०० | ९१,६६,६३५.२७ | ६२,७७,८८७.०० | ०.०० | ६२,७७,८८७.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | | १७,६६,११०.०० | ०.०० | १७,६६,११०.०० | ८५,५३,३८०.७० | ०.०० | ८५,५३,३८०.७० |
| ३११४० | सुरक्षा उपकरण | | १,६६,२७२.०० | ०.०० | १,६६,२७२.०० | ०.०० | ०.०० | ०.०० |
| ३११५० | सार्वजनिक निर्माण | | ७,९३,८७,३४२.३५ | ०.०० | ७,९३,८७,३४२.३५ | ८,९१,९५,०६९.०३ | ०.०० | ८,९१,९५,०६९.०३ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | ०.०० | ०.०० | ०.०० | ७,६६,३१५.३६ | ०.०० | ७,६६,३१५.३६ |
| ३११७० | पूँजीगत सुधार खर्च | | ०.०० | ०.०० | ०.०० | १५,००,०००.०० | ०.०० | १५,००,०००.०० |
| [illegible] | कुल जम्मा भुक्तानी | | ३६,७६,२२,८८५.०० | | ३६,७६,२२,८८५.०० | ३६,८०,५३,९४८.६४ | | ३६,८०,५३,९४८.६४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ख) | कुल जम्मा भुक्तानी | | | | | | | |
| ग) | बचत /कमी (ग = क-ख ) | | (४९,१२,२३७.३६) | | (४९,१२,२३७.३६) | (३,११,६७,६४५.९४) | | (३,११,६७,६४५.९४) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | | (२४,४५,८०६.९२) | | (२४,४५,८०६.९२) | ६४,१६,३६८.०८ | | ६४,१६,३६८.०८ |
| घ.१) | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | | (१,८०,१३६.८४) | | (१,८०,१३६.८४) | (८२,९१३.४९) | | (८२,९१३.४९) |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | (७३,५८,०४४.२८) | | (७३,५८,०४४.२८) | (२,४७,५१,२७७.८६) | | (२,४७,५१,२७७.८६) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ४,४६,६२,०६५.३९ | | ४,४६,६२,०६५.३९ | ६,९४,१३,३४३.२५ | | ६,९४,१३,३४३.२५ |

1/2

https://sutra.fcgo.gov.np/sutra2/accounting/oagreport/oag270/view

आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१ - २०८२/०३/३२ प्रदेश : कोशी प्रदेश जिल्ला : ताप्लेजुङ स्थानीय तह : सिदिङ्वा गाउँपालिका, ताप्लेजुङ

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | ३,७३,०४,०२१.११ | | ३,७३,०४,०२१.११ | ४,४६,६२,०६५.३९ | | ४,४६,६२,०६५.३९ |

| तयार गर्नेको सही | महालेखा नियन्त्रकको सही | महालेखापरीक्षकको कार्यालय |
|---|---|---|
| नाम : | नाम : | नाम : |
| पद: | पद: | पद: |
| | | मिति: |

| | |
|---|---|
| पद: | मिति: |
| मिति: | |

# सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्नसोप्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।

- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा अबण्डा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदानवितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्र्योटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्र्योट

कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।

- म्याद नाघेको पेश्कीको विवरण पालिकाले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराइ बेरुजु फस्यौंट गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयनगर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउने साथै एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।